शान्तिनगर गाउँपालिका

# गाउँ कार्यपालिकको कार्यालय

चिराघाट, दाङ (लुम्बिनी प्रदेश, नेपाल)

## सेवा करारमा कर्मचारी लिने सम्बन्धी सूचना

(प्रथम पटक सुचना प्रकाशित मिति : २०७७/११/०२)

प्रस्तुत विषयमा कार्यालय अन्तर्गत "भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको विवरण र तथ्याङ्क सकंलन इकाई" को लागि करार सेवामा देहायका कर्मचारीहरु आवश्यक भएकोले तपशिल बमोजिम योग्यता पुगेका ईच्छक नेपाली नागरिकहरुको लागि दरखास्त आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन भित्र कार्यालय समयमा आवेदन पेश गर्नुहुन जानकारी गराईन्छ। रित नपुगी वा म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन।

**तपशिलः**

| सि.नं. | विज्ञापन नं. | पद | तह | सेवा / समूह | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०५-२०७७/२०७८ | सर्भेक्षक | सहायकस्तर पाँचौं | ईन्जिनियरिङ/सर्भे | १ (एक) | |
| २ | ०६-२०७७/२०७८ | लगत प्रविष्टकर्ता | सहायक चौथो | विविध/विविध | २ (दुई) | |
| ३ | ०७-२०७७/२०७८ | फिल्ड सहयोगी | विहिन | प्रशासन/सा.प्र. | २ (दुई) | |

१. **परीक्षाको किसिमः**

क. संक्षिप्त सूचिको छनौट र अन्तर्वार्ता। ख. लगत प्रविष्टकर्ताको हकमाः प्रयोगात्मक वेग परीक्षा (प्रति मिनेट न्यूनतम नेपाली ३५ शव्द र अंग्रेजी प्रति मिनेट ४५ बेग हुनु पर्ने)

२. **परीक्षा केन्द्रः (अन्तर्वार्ता हुने स्थान)** शान्तिनगर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, चिराघाट दाङ।

३. **दरखास्त दिने अन्तिम मितिः** २०७७।११।१६ गते (सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट)।

४. **अन्तर्वार्ता मितिः** संक्षिप्त सूचिको नतिजा प्रकाशन हुँदा सूचना गरिनेछ।

५. **आवश्यक न्यूनतम योग्यताः**

क. नेपाली नागरिक।

ख. १८ वर्ष पूरा भई ३५ दरखास्त दिने अन्तिम दिनसम्म ३५ वर्ष उमेर पूरा नभएको, महिलाको हकमा ४० वर्ष पूरा नभएको।

ग. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको।

घ. भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी वर्खास्त नभएको।

ङ. शैक्षिक योग्यताः

| सि.नं. | विज्ञापन नं. | पद | आवश्यक शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | ०५-२०७७/२०७८ | सर्भेक्षक | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई SLC वा सो सरह उत्तीर्ण गरी सर्भे जियोमेटिक्स विषयमा ३ वर्षे प्रविणता प्रमाण पत्र सरहको डिप्लोमा उत्तीर्ण वा<br>२. विज्ञान (फिजिक्स समूह) वा भूगोल विषय लिई प्रमाण पत्र तह उत्तीर्ण गरी कम्तिमा एक वर्षको जुनियर नापी तालिम प्राप्त गरेको। |
| २ | ०६-२०७७/२०७८ | लगत प्रविष्टकर्ता | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई SLC वा सो सरह उत्तीर्ण गरेको वा<br>२. मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तिमा छ महिनाको कम्प्युटर तालीम प्राप्त वा<br>३. मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट Semi Skilled Manpower को लागि सञ्चालित ६ महिनाको कम्प्युटर तालीम प्राप्त। |
| ३ | ०७-२०७७/२०७८ | फिल्ड सहयोगी | आधारभूत तह उत्तीर्ण। |

६. **दरखास्त दस्तुरः**

| सि.नं. | विज्ञापन नं. | पद | रकम |
|---|---|---|---|
| १ | ०५-२०७७/२०७८ | सर्भेक्षक | रु.४००।- (चार सय) |
| २ | ०६-२०७७/२०७८ | लगत प्रविष्टकर्ता | रु.३००।- (तीन सय) |
| ३ | ०७-२०७७/२०७८ | फिल्ड सहयोगी | रु.२००।- (दुई सय) |

७. **दरखास्तसाथ पेश गर्नु पर्ने कागजातः**

क. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।

ख. शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि ।

ग. तालीम वा अनुभवको प्रमाण पत्रको प्रतिलिपि।

घ. विवाहित महिला भए विवाह दर्ताको प्रमाण पत्रको प्रतिलिपि।

ङ. पासपोर्ट साईजको फोटो तीन प्रति।

८. **पदमा रहि गर्नु पर्ने कामको विवरणः** "भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत सकंलन सम्बन्धी कार्यविधि २०७७ को दफा ४ को उपदफा (१) मा तोकिएको कार्यविवरण र करार सम्झौतामा तोके बमोजिमका कार्य।

९. तलबः प्रचलित स्केल बमोजिम।

१०. तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा दस्तुर नवुझाएको दरखास्त स्वीकृत गरिने छैन।

११. संक्षिप्त सुचिमा छनौट भएका उम्मेदवारले अन्तर्वार्तामा उपस्थित हुँदा दरखास्तसाथ पेश गरेका तथा पेश गर्नु पर्ने भनि उल्लेख गरिएका कागजातहरुको सक्कल अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

१२. दरखास्त दिने अन्तिम मितिसम्म निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफुले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनु पर्नेछ।

१३. **सम्पर्क मितिः २०७७/११/१७ गते, समय साँझ ४ बजे।**

१४. **सम्पर्क नम्बरः 9866963272**

(प्रेमन्त बहादुर डाँगी)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत